# मुसिकोट नगरपालिका

# Heavy Equipment सञ्चालनसम्बन्धी कार्यविधि, २०७७

मुसिकोट नगरपालिका वामीटक्सार, गुल्मी

# मुसिकोट नगरकार्यपालिकाको
# Heavy Equipment सञ्चालनसम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावना**

मुसिकोट नगरपालिका, नगरसभाद्वारा निर्धारित विकास निर्माण आयोजना कार्यान्वयन हुँदा प्रयोग हुने डोजर, लोडर, भ्याकु जस्ता Heavy Equipment प्रयोगको लागि मुसिकोट नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरि मुसिकोट नगर कार्यपालिकाबाट यो कार्यविधि बनाइ जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यबिधिको नाम "Heavy Equipment सञ्चालन सम्बन्धी कार्यबिधि, २०७७" रहेको छ ।

(२) यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा-

(क) **"प्रमुख "** भन्नाले नगर कार्यपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ख) **"उपप्रमुख"** भन्नाले नगर कार्यपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(ग) **"कार्यपालिका"** भन्नाले मुसिकोट नगर कार्यपालिका सम्झनुपर्छ ।

(घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नगरपालिका को प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ङ) **"नगरपालिका "** भन्नाले मुसिकोट नगरपालिका सम्झनुपर्छ ।

(च) **"विषयगत शाखा"** भन्नाले मुसिकोट नगर कार्यपालिका अन्तरगतको विषयगत शाखा, उपशाखा, कार्यालय वा इकाईलाई सम्झनुपर्छ । यस शब्दले संविधान बमोजिम नगरपालिका लाई तोकिएको कार्यसम्पादन गर्नका लागि नगर कार्यपालिका अन्तर्गत रहने शिक्षा, स्वास्थ्य, कृषि, वन, पशुविकासजस्ता बिषयक्षेत्रगत कार्यालय वा इकाईलाई समेत सम्झनुपर्छ ।

(छ) **"वडा सचिव"** भन्नाले नगरपालिका को वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको वडासचिव सम्झनुपर्छ ।

(ज) **"वडा समिति"** भन्नाले मुसिकोट नगरपालिका को वडा समिति सम्झनुपर्छ ।

(झ) **"सदस्य"** भन्नाले नगर कार्यपालिकाको सदस्य सम्झनुपर्छ । सो शब्दले नगर कार्यपालिकाको प्रमुख , उपप्रमुख र वडा अध्यक्ष समेतलाई जनाउनेछ ।

(ञ) **"सभा"** भन्नाले मुसिकोट नगरपालिका को नगरसभालाई सम्झनुपर्छ ।

३.  सुचीकृत गराउनुपर्ने

यस नगरपालिका अर्न्तगत काम गर्न इच्छुक Heavy Equipment सञ्चालकहरुले नगरपालिकामा प्रत्येक आ.ब.को लागि अनिवार्य रुपमा आफ्ना डोजर, लोडर, भ्याकु जस्ता Heavy Equipment सुचीकृत गराउनु पर्नेछ । सुचीकृत गराउँदा कार्यालयले माग गरेका कागजातहरु अनुसूची-१ बमोजिमको ढाँचामा वुझाउनु पर्नेछ ।

४. सञ्चालन अनुमति लिनुपर्ने

(१) सुचीकृत भएका Heavy Equipment हरुको सञ्चालकहरुले मुसिकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट दर्ता गरी अनुसूची-२ बमोजिम सञ्चालन अनुमति पत्र लिनु पर्नेछ ।

(२) सुचीकृत भएका Heavy Equipment हरुको सञ्चालकहरुले मुसिकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट प्रत्येक आ.व.मा दर्ता नवीकरण गरी अनुसूची-२ अनुसार सञ्चालन अनुमति पत्र लिनुपर्नेछ ।

५. कामको लागि सम्झौता गर्नुपर्ने

सुचीकृत भएका Heavy Equipment सञ्चालकहरुले नगरपलिका वा अर्न्तगत गठन भएका उपभोक्ताको पदाधिकारीहरुसंग अनुसूची-३ बमोजिम सम्झौता गरेर मात्र काम गर्नुपर्नेछ र सम्झौताको प्रतिलिपि नगरपालिका वा वडा कार्यालयमा उपलब्ध गराउनुपर्नेछ ।

६. प्राविधिक रेखदेखमा काम गर्नुपर्ने

सुचीकृत भएका Heavy Equipment सञ्चालकहरुले उपभोक्तासँग सम्झौता पछि नगरपालिका कार्यालयका प्राविधिकहरुको रेखदेखमा तोकिएको इस्टिमेट अनुसार मात्र काम गर्नुपर्नेछ ।

७. वातावरणीय पक्ष तथा भौतिक पूर्वाधारहरुको संरक्षणमा ध्यान दिनुपर्ने

(१) सुचीकृत भएका Heavy Equipment प्रयोग गर्दा वातावरणलाई कम असर गर्ने गरी मात्र काम गर्नुपर्नेछ । खानेपानीका मुहान भएको स्थानमा १०० मिटर तल माथि र दायाँ बायाँबाट मात्र काम गर्नुपर्नेछ । साथै खानेपानीका पाइप, विद्युतका पोल, सिंचाइ कुलाजस्ता पूर्वाधारलाई विगार्न पाइनेछैन ।

(२) नगरपालिकाले निषेध गरेको महत्त्वपूर्ण क्षेत्र, वातावरणीय प्रतिकुल असर पर्न सक्ने ठाउँ र समयमा Heavy Equipment सञ्चालन गर्न पाइने छैन ।

८. प्राकृतिक तथा साँस्कृतिक सम्पदाको संरक्षण गर्नुपर्ने

सुचीकृत भएका Heavy Equipment प्रयोग गर्दा प्राकृतिक सम्पदा मठ, मन्दिर, गुफा तलाउ आदिको संरक्षण गर्नु पर्नेछ । त्यस्ता स्थानको वरपर कुनै प्रकारको Heavy Equipment प्रयोग गर्न पाइने छैन ।

९. उधारो काम गर्न नहुने

नगरपालिकाको स्विकृत बजेटको परिधिभित्र रही मात्र सम्झौता गरी काम गर्नुपर्नेछ । बजेटको व्यवस्था नगरी उधारो काम लगाउन निषेध गरिएको छ । उधारो काम कतै कसैले भए गरेको भएमा त्ससको भुक्तानी गर्न नगरपालिका कार्यालय बाध्य हुनेछैन ।

१०. सुचीकृत नगरेको **Heavy Equipment** प्रयोग गर्न नपाइने

नगरपालिकामा सुचीकृत नगरेका Heavy Equipment प्रयोग गर्न पाइने छैन । यदि प्रयोग गरेमा नगरपालिका कार्यालयबाट मूल्याङ्कन गरिने छैन ।

११. **Heavy Equipment** को दररेट सम्बन्धमा

मुसिकोट नगरपालिकामा सुचीकृत भएका Heavy Equipment हरुले नगरपालिकाको दररेट अनुसार काम गर्नुपर्नेछ । तोकिएको दररेटमा नियमानुसार बहालकर कट्टी गरी भुक्तानी दिइनेछ ।

१२. व्यक्तिगत संरचनाको क्षति गर्न नपाइने

कुनै पनि व्यक्तिको व्यक्तिगत घर, गोठ बङ्गालाजस्ता संरचनाको क्षति हुने गरी Heavy Equipment हरुको प्रयोग गर्न पाइने छैन । यदि कही कतै उल्लेखित संरचना क्षति हुन गएमा सम्बन्धित उपभोक्ता समितिले उचित सोधभर्ना उपलब्ध गराउनुपर्नेछ ।

१३. कार्यविधि लागू नहुने

नेपाल सरकार वा अन्य केन्द्रीय निकाय मार्फत ठेक्कापट्टा भई कार्यान्वयन हुने योजनाको हकमा यो कार्यविधि लागू हुनेछैन ।

**अनुसूची-१**

कार्यबिधिकाको दफा ३ सँग सम्बन्धित

Heavy Equipment सञ्चालन दर्ता प्रमाण पत्रको लागि निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
मुसिकोट नगरपालिका , नगर कार्यपालिकाको कार्यालय
मुसिकोट , गुल्मी

**विषय : Heavy Equipment सञ्चालन दर्ता प्रमाण पत्र पाऊँ ।**

मुसिकोट नगरपालिकाको विकास निर्माणका कार्यक्रम कार्यन्वयन हुँदा प्रयोग हुने डोजर, लोडर, भ्याकु , रक ब्रेकर, स्क्याभेटर, ..................... Heavy Equipment सञ्चालन सम्बन्धी कार्यविधि २०७७ बमोजिम दर्ता गरी सञ्चालन गर्न चाहेकोले तपशीलको विवरण अनुसार उक्त कार्यविधि तथा जिल्ला दररेटको अधीनमा रही यस नगरपालिकाभित्र सञ्चालन हुने कार्यक्रम, आयोजना तथा परियोजनामा कार्य गर्ने गरी दर्ता/ दर्ता नवीकरण प्रमाण पत्र उपलब्ध गराई पाऊँ भनी यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

कम्पनीको नाम :

Heavy Equipment को प्रकार

डोजर नम्वर :

दर्ता नं. :

सञ्चालकको नाम

सवारी मोडल नं.

पावर :

स्थायी लेखा नं.:

मू.अ.क. लेखा नं.:

Heavy Equipment को कर चुक्ता प्रमाण पत्र भएको आ.व.:

## अनुसूची-२

कार्यबिधिकाको दफा ३ सँग सम्बन्धित

### Heavy Equipment सञ्चालन दर्ता प्रमाण पत्रको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
मुसिकोट नगरपालिका , नगर कार्यपालिकाको कार्यालय
मुसिकोट , गुल्मी

**विषय : Heavy Equipment सञ्चालन अनुमति दर्ता/नवीकरण प्रमाण-पत्र ।**

मुसिकोट नगरपालिकाको विकास निर्माणका कार्यक्रम कार्यन्वयन हुँदा प्रयोग हुने डोजर, लोडर, भ्याकु, रक ब्रेकर, स्क्याभेटर जस्ता Heavy Equipment प्रयोगको लागि Heavy Equipment सञ्चालन सम्बन्धी कार्यविधि २०७७ बमोजिम उक्त कार्यविधि तथा स्थानीय दररेटको अधीनमा रही यस नगरपालिकाभित्र सञ्चालन हुने कार्यक्रम, आयोजना तथा परियोजनामा कार्य गर्ने गरी यो दर्ता/नवीकरण प्रमाण पत्र प्रदान गरिएको छ ।

कम्पनीको नाम :

Heavy Equipment को प्रकार :

डोजर नम्वर :

दर्ता नं. :

सञ्चालकको नाम

सवारी मोडल नं.

पावर :

अनुमति पत्रको अवधि २०...... साल आषाढ मसान्त सम्म ।

..................................
प्रमुख प्रशासीकय अधिकृत

## अनुसूची-३

कार्यबिधिकाको दफा ५ सँग सम्बन्धित

## सम्झौता -पत्र

लिखितम सम्झौता-पत्र दादै …………… जिल्ला ……….. नगर/नगरपालिका वडा नं. …… बस्ने श्री ……………….को नाति श्री …………………को छोरा श्री ………………….. (पहिलो पक्ष भनिएको) र ऐ नगरपालिका वडा नं. ……………………… बस्ने श्री ………………..को नाति श्री ……………………..को छोरा श्री …………….. (दोस्रो पक्ष भनिएको) बीच तपसिलका शर्तहरु पालना गर्ने गरी Heavy Equipment भाडामा लिन दिन सहमती पत्रमा सही छाप गरी एक एक प्रति लियौं दियौं ।

तपसिल

१. उक्त Heavy Equipment मुसिकोट न.पा.वडा नं. …….को ….. …………. ……………… …………. ……………………………………….मा रहेको ।

२. Heavy Equipment भाडाको अवधि ……….. घण्टा/दैनिक/महिनाको हुनेछ ।

३. Heavy Equipment को उपयोग शुरु मिति २०७….।…..।……….. देखि आरम्भ हुनेछ ।

४. Heavy Equipment को भाडादर प्रति घण्टा/दैनिक/महिना रु…………….।- हुनेछ ।

५. अन्य व्यवस्था लिने दिनेको आपसी सहमतीबाट गरिनेछ ।

माथिको शर्तहरु हामी दुबै पक्षलाई मञ्जुर छ भनी यो कागजमा सहीछाप गरी लिने दिने गर्यौं ।

इति संवत् २०७…. साल …… महिना ….. गते रोज …. मा शुभम् ।

| Heavy Equipment भाडामा लिनेः | Heavy Equipment भाडामा दिने : |
|---|---|
| सहीछाप : | सहीछाप : |
| नामः श्री ……………………… | नामःश्री ……………………………… |
| ठेगानाः…………………………… | ठेगानाः………………………………. |

ooo